परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ३८ २०८० बैशाख १७ गते आईतवार Sunday 30, APR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## दिगो विकास लक्ष्य हासिल गर्न प्रदेश सरकार प्रतिवद्ध



विराटनगर । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संयुक्त राष्ट्रसङ्घले लिएको दिगो विकास लक्ष्य हाँसिल गर्न प्रदेश सरकार प्रतिवद्ध रहेका छन् ।

शुक्रबार विराटनगरमा आयोजित नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा संसदीय अध्ययन तथा मूल्याँङ्कन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै सो कुरा वताएको थियो ।

नेपालले २०१५ मै दिगो विकास लक्ष्य, अवस्था र मार्गचित्र तयार गरी त्यसै अनुरुपका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको स्मरण गराउँदै भने मार्गचित्रले दिगो विकास लक्ष्यका १७ वटा लक्ष्यका १६९ वटा परिमाणात्मक लक्ष्यहरु अन्तर्गत सबै क्षेत्रमा गरी ४९४ वटा सूचक पहिचान गरेको कार्कीको भनाई थियो ।

संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रका हैसियतले नेपाल दिगो विकासका लक्ष्यहरुप्रति प्रतिवद्ध रहेको जानकारी गराउँदै मुख्यमन्त्री कार्कीले भने विश्वव्यापी लक्ष्यका रुपमा पनि चिनिएको दिगो विकास लक्ष्य सहश्राब्दी विकास लक्ष्यको सफलतामा निर्माण गरिएका हुन् ।'

सन् २०१५ को सेप्टेम्बरमा विश्वका नेताहरुल संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमार्फत अनुमोदन गरेको यो एजेण्डा अन्तर्गत विश्वका १९३ देशहरुले विभिन्न १७ वटा लक्ष्यमार्फत सन् २०३० सम्ममा गरिवी अन्त्य गर्ने प्रतिवद्धता जाहेर गरेका मुख्यमन्त्री कार्कीले स्पस्ट पारेका थिए ।

१५ बर्षको अवधिमा हासिल गर्नुपर्ने यी प्रत्येक लक्ष्यका आ-आफ्नै परिमाणात्मक लक्ष्यहरु रहेको स्मरण गराउँदै त्यसका लागि गरिवीको अन्त्य गर्ने कार्य र आर्थिक वृद्धि गर्ने रणनीति सँगै जानुपर्ने वताएको थियो ।

दिगो विकास लक्ष्यले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगारीका अवसरसहित कैयन सामाजिक आवश्यकताहरु लाई सम्बोधन गर्नुका साथै असमानतासँग लड्दै कसैलाई पछाडी नछोड्ने भन्ने कुरालाई सुनिश्चित गरेको दाबी गरेका थिए ।

दिगो विकास लक्ष्य समग्रमा सामाजिक, वातावरण, आर्थिक र कानुन तथा शासकीय स्तम्भ गरी चार समुहमा विभाजित रहेको स्पस्ट पार्दै कानुनी रुपमा बाध्यात्मक नभए पनि नेपालले यसको स्वामित्व लिएर यसका लक्ष्य हासिल गर्न राष्ट्रिय ढाँचा निर्माण गरिरहेको अवगत गराएका थिए ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले भन्नुभयो- 'नेपालले सन्

वांकी अन्तिम पेजमा...

## आन्दोलनको कुनै औचित्य छैन : अध्यक्ष ओली

विराटनगर । नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले कोशी प्रदेश नामकरण विरुद्ध भइरहेको आन्दोलनको कुनै औचित्य नहुने बताएका थिए । इलाम सदरमुकाममा बिहिबार आयोजित पार्टीको जिल्ला अधिवेशन प्रतिनिधि परिषद् बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले यस्तो बताएका थिए ।

कोशी नामले सबै जातजाति, भाषा, धर्म, क्षेत्र एकैठाउँमा समेटेको भन्दै उनले यो नाम खारेज माग गर्दै भइरहेको आन्दोलनले कुनै अर्थ नराख्ने वताउदै अहिले प्रदेशको नामको विरोधमा भइरहेको प्रदर्शनमा आतंककारी क्रियाकलाप र उद्दण्डता देखिएको भन्दै उनले यस्तो आन्दोलनको कुनै औचित्य नहुने वताएका थिए ।

प्रदेश सबैको साझा भएकाले प्रदेश सभाको दुई तिहाई मतले साझा नाम कोशी नामकरण गरेको भन्दै उनले अब नाम परिवर्तन गर्नुपर्ने भए जनताको मत जितेर दुई तिहाई पुऱ्याउन आन्दोलन कारीलाई सुझाव दिए । 'प्रदेशको नाम एउटा प्रक्रियाबाट टुंगिएको हो, सबै दलले दुई तिहाईभन्दा बढी मतले पास गरेको हो,' अध्यक्ष ओलीले भने, 'नाम परिवर्तन गर्ने हो भने भोट जित्नुस्, दुई तिहाई ल्याउनुस्, परिवर्तन गर्नुस्, हामी मान्छौं ।'

त्यसैगरी एमाले अध्यक्ष केपी शर्मा आलीलाई कालो झण्डा देखाउँने नौं जनालाई प्रहरीले पक्राउ गरेको थियो । ओली इलामको कन्यामबाट सदर मुकाम जाँदा मेची राजमार्गको गोदक खण्डमा आन्दोलनकारीले रुख ढालेर बाटो अवरोध गरेका थिए । अवरोध चिर्दै इलाम बजार पुग्दा उनलाई कालोझन्डा देखाइएको थियो ।

वांकी अन्तिम पेजमा...

## सहमती सहकारीद्धारा अवलोकन भ्रमण

विराटनगर । सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेड विराटनगर-८ प्रगती विनायक टोलले आफ्नो सदस्यहरुलाई बैशाख ११ गते सोमवार अध्ययन अवलोकन भ्रमण गराएका छन् ।

सहकारी संस्था भएकै स्थानवाटै बसमा सवार भई भ्रमणको लागि प्रस्थान भई शिवशताक्षी नगरपालिका वडा नं. ११ मा रहेको शताक्षी धाम, झापा जिल्लाकै अर्जनधारा नगरपालिका वडा नं. ७ मा रहेको प्रमुख स्थान अर्जुधारा जलेश्वर धाम, अर्जुन धारा नगरपालका वडा नं. ९ मा रहको शहीद स्मृति उद्यान, मेची नगर, चार आली झापामा रहको पाउ पाथीभारा उत्तरगंगा मन्दिर र माईखोला (खोमुखा) को अवलोकन गरिएको थियो ।

शताक्षी धाममा शताक्षी भगवती, रघुनाथ मन्दिर, बराह भगवान, शताक्षी माता मन्दिर, संकट मोचन वीर हनुमान मन्दिर, शताक्षी गौशालाको अवलोकन गरएको थियो । त्यसपछि अर्जुधारा जलेश्वर धाममा शिव मन्दिर अर्जन धारा पोखरी, १०८ शिवलिंग, शिवजी भगवान, गौ माता लगातको दर्शन गरी पुजापाठ गरिएको थियो ।

त्यसैगरी अर्जुन धारा नगरपालका वडा नं. ९ मा रहको शहीद स्मृति उद्यान जहाँ पञ्चायत शाशकद्धारा झापावाट इलाम स्थित जेल सार्ने बहानामा २०२९ फागुन २१ गते झापा र इलामको सीमा क्षेत्रमा अवस्थित सुखानी जंगलमा लगी शहीद रामनाथ दहाल, नेत्र घिमिरे, विरेनसिंह राजवंशी, कृष्ण कुइकेल, नारायण श्रेष्ठ हत्या गरिएको थियो । सो उद्यानमा कछुवा संरक्षण, सर्प संरक्षण, झुलुङ्गे पुल, पार्क लगायतका अवलोक तथा मनोञ्जन गाएिको थियो ।

उक्त भ्रमणकै क्रमा मेची

वांकी अन्तिम पेजमा...

डिभिजन वन कार्यालय, मोरङको
अत्यन्तै जरुरी सूचना

यस वर्षाको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

स्वास्थ्य र शान्तीका लागि वातावरण
नेपाल प्रधान कार्यालय परिवार
विराटनगर-१०

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र कुमार थापा (अध्यक्ष)
सहमती बचत तथा ऋण सहकारी संस्था
लिमिटिड, विराटनगर-८ परिवार

## आर्थिक वर्ष...

व्यापार संघले वायु, खाद्य, पानी, ध्वनी, प्रकाश आदिको परिक्षण गर्न सक्ने उच्चस्तरीय प्रविधियुक्त प्रयोगशाला संचालन गर्दै आएकोमा सरकारका सबै मापदण्ड अनुरुपका परिक्षणहरु लगायत अन्तर्राष्ट्रिय व्यापारमा आवश्यक पर्ने अधिकांश परिक्षणहरु गर्न सक्षम रहेको यस प्रयोगशालालाई प्राथमिकताका साथ क्षेत्रीय परिक्षण केन्द्रको रुपमा विकास गर्न तथा आवश्यक बजेट विनियोजनका लागि समेत अनुरोध गर्दछौं।

६.. उर्जा:

६.१ निजी क्षेत्रबाट उत्पादित विद्युत सिधै निजी क्षेत्रले खरिद गर्न पाउने व्यवस्था गरिनु पर्दछ।

६.२ नेपालका विद्युत परियोजनाहरु च्ाल या च्ष्खभच मा आधारित हुने भएकाले सुख्खायाममा हुने गरेको विद्युत अभावलाई मध्यनजर गरी जलाशयमा आधारित परियोजना हरुलाई प्राथमिकताका साथ निर्माण गरिनु पर्दछ।

६.३ विद्युतको टि.ओ.डी मिटर, अन्तर्गत विद्युत महशुल चार्ज गर्दा पुश, माघ, फाल्गुण र चैत्र महिनामा टि ३ को मुल्यलाई टि २ को सरह नै लिईने गरेको छ। बिगत ५-७ बर्ष अघि चर्को लोडिसेडिङ हुदा गरिएको यस्तो व्यवस्था अव विजुली बिक्रि गर्ने अवस्थासम्म कायमै हुनु न्यायसंगत नदेखिएकाले टि ३ को महशुल वर्षभरी समान हुनुपर्दछ।

कृषी क्षेत्र:

१. कृषिजन्य वस्तुको भण्डारण गर्ने चिस्यान केन्द्र ९ऋयमि क्तयचबनभ०ले आयात गर्ने मिल-मेशिनरी, भवन निर्माणमा लाग्ने एचभ(ँबद क्तचगअतगचभ (HS Code: 9406.90.90) आदि सबै सामग्रीहरुमा भन्सार छुटको व्यवस्था गरिनु पर्दछ।

२. कृषि उत्पादन प्रयोजनार्थ आयात गरिने ट्रेक्टरहरुको भन्सार महशुल एवं मु.अ.कर शुन्य कायम गरिनु पर्दछ। यस सम्बन्धमा, कृषि र ढुवानी प्रयोजनका ट्रेक्टरहरुलाई फरक नम्बर प्लेट दिई छुट्याउन सकिने देखिन्छ। ढुवानी प्रयोजनका लागि प्रयोग हुने ट्र्याक्टरमा मु.अ.कर लगाउन सकिने व्यवस्था गर्न सकिन्छ।

- तीन वर्षको उमेरसम्ममा बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भईसक्दछ।
- उनीहरुले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ।।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौ कोशीकाहरु चलायमान बनाउन सकिन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सहमती...

नगर, चार आली झापामा रहको पाउ पाथीभारा उत्तरगंगा मन्दिरको दर्शन गऱ्यो। जहां माताको पाँचवाटा खुट्टको औलाहरुको पुजापाठ लगात साक्षात बंजरंवलीको दर्शन लगायत अन्य देवी देवताहरुको दर्शन गर्दै अन्तमा माईखोला दोमुखाको सफलता भ्रमण गएिको थियो।

उक्त भ्रमणको व्यवस्थापन संस्थाका उपाध्यक्ष गंगा प्रसाद कोइराला, सचीव कृष्ण भट्टराई, कोषध्यक्ष श्याम सुन्दर सुतिहार, लगायतले गरेका थिए। सो भ्रमण सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष राजेन्द्र कुमार थापाको अध्यक्षतामा सम्पन्न भएको थियो।

## दिगो विकास...

२०१५ मै आफ्नो दिगो बिकास लक्ष्य राष्ट्रिय अवस्थिति प्रतिवेदन तयार गरेको र यस्तो राष्ट्रिय प्रतिवेदन तयार गर्ने नेपाल विश्वको पहिलो राष्ट्र हो।'

चालु १५ औ आवधिक योजना पूर्णरुपमा दिगो बिकास लक्ष्य समाहित गरेर तर्जुमा गरिएको जानकारी गराउँदै अन्य क्षेत्रगत योजना, नीति तथा परिमाणात्मक लक्ष्यहरु पनि दिगो बिकास लक्ष्य अनुकूल बनाइएको वताए।

कार्यक्रममा सङ्घीय सचिवालयका सदस्य डा रोजराज पाण्डेले नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन अवस्था अध्ययन तथा मूल्याँङ्कन सम्बन्धी जानकारी गराउनु भएको थियो।

## आन्दोलनको...

बैठकलाई सम्बोधन गर्न आएका ओलीलाई चोक बजारमा कालोझन्डा देखाउने हरुलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। युवा संघका कार्यकर्ता र कोशी नाम खारेज माग गर्ने प्रदर्शनकारीबीच झडपको अवस्था आएपछि उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

प्रदेश सभाको दुई तिहाइ भन्दा बढी मतले कोशी प्रदेश नामकरण गरेको हो। ९३ जना प्रदेश सभा सदस्य रहेको कोशी प्रदेशका ८२ सांसदले कोशी नामको पक्षमा मतदान गरेका छन्। नामकरण पश्चात यसको स्वागत र विरोध दुवै हुदै आएको छ। पहिचान पक्षधरले कोशी नाम खारेज गरेर पहिचानको आधारमा पुन: नामकरण गर्नुपर्ने मागसहित आन्दोलन गर्दै आएका छन्। तर, आन्दोलन अराजक बन्दै जाँदा यसको आलोचना पनि बढ्न थालेको छ।

यो धुमपानको आद्त सजिलो तरीकाले कहाँ छुट छ,, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

महेश कुमार साह स्वर्णकार (अध्यक्ष)
नेपाल सोनार समाज परिवार
मोरंग, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शिव सुन्दर ज्वेलर्स परिवार
राम जानकी पथ विराटनगर,
मोरंग, कोशी प्रदेश

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| बाबु नन्दन मेहता | नितु कुमारी चौधरी | जिबछ कुमार राय |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

बर्जु गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, सुनसरी, नेपाल

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| रामराज पौडेल | कुमारी विभा यादव | बेचन प्रसाद मेहता |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

देवानगञ्ज गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, सुनसरी, नेपाल

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# लघुवित्तको भाँडभैलो रोकौं

*नेपालका संचालन रहको लघुवित्त संस्था र लघुवित्तको संदस्यहरु वीच भाँडभैलो भई रको देखिएको छ । लघुवित्तमा देखिएको आथिएक, सामाजिक तथा व्यक्रिगत समस्याहरु रहेको छ । ती समस्या समाधान गर्न लाग्नु भन्दा पनि अहिले लघुवित्त संस्थामा आरोप प्रत्यारोपको दोहरी चलि रहको छ । लघुवित्तले आफ्नो सदस्यहरुलाई कर्जामा प्रवाह गर्ने होइन । सदस्यले लिएको कर्जालाई कसरी उत्पादन मुलक वनाएर वित्तिय संस्थालेसांवा र व्याज पनि लिने गर्नु पर्छ र आफ्नो सदस्यहरुको जीवन समेत उकास जिम्मेवारी समेत लिनु पर्ने हुन्छ । तर वित्तीय संस्थाहरुले आफ्नो सदस्यहरु संग मोटो व्याज लिने, समयमा व्याज नतिरे अनावश्यक जरीवाना रकम उठाउने, वित्तिय संस्थाका संचालक र कर्मचारीको दिन दुना रात चौगुना जीवनमा परिवर्तन आउने तर सदस्यहरु दिन प्रतिदिन आर्थिक अवस्था खस्किदै जानेले अहिले लघुवित्तमा भाँडभैलो देखिएको छ ।*

*नेपालमा केही वर्ष पहिले सहकारी बाहेक सबै लघुवित्त संस्थालाई सूचीकृत कम्पनीको ढाँचामा जान अनिवार्य गरिएसँगै नेपालमा वास्तविक ग्रामीण मोडल लघुवित्तको अवसान भयो । तर बिर्सन नहुने कुरो के हो भने बंगलादेशको ग्रामीण मोडल सफल हुनुको पछाडि त्यहाँ सन् २०१० सम्म करिब ५० प्रतिशत वित्तीय स्रोत अनुदानबाट प्राप्त रकम समेत थियो । नेपालमा ग्रामीण मोडलको अवसानपछि तीव्र प्रतिस्पर्धा र संस्थाको बचत वृद्धि, कर्जा लगानी र असुलीमा केन्द्रित हुने नेपाली वित्तीय संस्थाको मोडल वा शैली स्वत: अवलम्बन भएपछि लघुवित्त संस्था र ग्राहक सदस्यहरु दुवैबरावरी जिम्मेवारी लिनु पर्छ । लघुवित्तको मूल मन्त्र अनुशासन हो । संस्था, कर्मचारी र ऋणी सदस्य सबै अनुशासित भए मात्रै लघुवित्त आफ्नो आधारभूत चरित्रमा टिक्न सक्छ, अन्यथा बैंकिङ चरित्रमा बदलिन्छ । ऋणीले पनि कति ऋण लिने, कहाँ कसरी प्रयोग गर्ने र कसरी तिर्ने भन्नेमा सचेत हुनुपर्छ । त्यही सचेत नभएर अहिले भाँडभैलो देखिएको छ । यसको समाधान गर्न पछि लघुवित्त र सदस्यहरु एक आपसमा छलफलगरी अगाडी बढ्न जरुरी छ ।*

*लघुवित्तमा संस्था अरु संस्थाहरु भन्दा पारदर्शी संस्थाको रुपमा अब्बल मानिन्छ । अहिले सदसयहरु र केही राजनीति गर्नेहरुले प्रचारवाजी गरे जस्ता छैन । लघुवित्तमा कमी कमजारी नभएको पनि होईन । नेपालमा कमी कमजोरी नभएको कुनै निकाय छ त ? नेपालमा कर छली, भ्रष्टाचार, हुण्डी, मिटर ब्याजी र क्रिप्टोकरेन्सी कारोबार समेत थाहा हुने गरी सञ्चालन हुँदै सवैलाई थाहै छ । त्यसैले लघुवित्त संस्थाको समस्या समाधन गर्न लघुवित्त संस्थाका संचालक र सदस्यहरु वीच छलफल बहस चलाई समाधानको वाटो अवलम्बन गर्न जरुरी छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# यसरी समाधान गरौं प्रदेश नामाकरणको विवाद

विष्णु आभूषण

यतिखेर देशको पूर्वी भेग प्रदेश नामकरणको विषयमा आन्दोलित छ । त्यही भूभागमा बसोबास गर्ने नागरिक हुनुको कारणले त्यो आन्दोलनसँग सम्बन्धित विविध पाटो र पक्षहरूमा हाम्रो पनि सरोकार रहने गर्छ । अन्य प्रदेशको नामकरण हाम्रो प्रदेशको भन्दा छिटो र विवादरहित रह्यो ।

तर प्रदेश सभाको एक कार्यकाल व्यतीत भइसक्दा पनि प्रदेश-१ को नामकरण हुन नसक्नुले पनि त्यहाँ केही जटिलता छ भन्ने संकेत दिइरहेको थियो । तर प्रदेश सभाका लागि दोस्रो निर्वाचन भएको तीन महिना बित्न नपाउँदै अपवादमा केही प्रदेश सांसद बाहेक करिब सबै सांसदहरू एकै ठाउँ उभिएर 'कोशी' प्रदेश नामकरणको पक्षमा उभिनु निकै रहस्यात्मक बन्यो । प्रदेश-१ ले कडा सुरक्षा प्रबन्धका बीच 'कोशी' नाम प्राप्त गर्‍यो ।

तर त्योसँगै तथाकथित कोशी प्रदेशभरि असन्तुष्टि, आक्रोश र आन्दोलनको ज्वारभाटा फैलिन सुरु भयो । खोटाङवासी हुनुको नाताले म खोटाङकै केही प्रसंगहरू कोट्याउँदै आफ्नो आलेख अगाडि बढाउन चाहन्छु ।

खोटाङ जिल्लामा कुनै जात या पहिचानको सरोकार राख्ने ठाउँहरू छन् । जस्तो भण्डारेघाट, बाहुनी डाँडा, रेग्मीटार, राईघाट, दोबेला (चाम्लिङ राईको दोवाली पाछाको उद्भव थलो), लफ्याङ ( राई चाम्लिङको लाफेहोंछाको बाहुल्य रहेको कारण), खत्रीगाउँ आदि । खोटे राजाका नामबाट खोटाङको नामकरण भएको छुट्टै इतिहासले पहिचानवादीहरूलाई आफ्नो मुद्दा उठाउन बल पुगेको छ ।

तर यी नामहरू लोक आधारमा रहन गएका हुन् । कसैले प्रस्ताव गरेर रहेका होइनन् । जनजिब्रोले स्वतस्फूर्त उच्चारण गर्दै कालान्तरमा नाम बन्न गएको हो । स्थानीय तहको पुनर्संरचना गरिंदा हामीले खोटाङका केपिलासगढी, खोटेहाङ, हलेसी तुवाचुङ, साकेला जस्ता नामहरू राख्दा आदिम सभ्यता, संस्कृति र पहिचान, भूगोल, प्राकृतिक सम्पदाको आधारमा गर्ने सहमति जनाएका थियौं ।

केही भूगोल, केही धार्मिक, प्राकृतिक र सांस्कृतिक सम्पदा आदिको नामबाट नामकरण गर्न सफल भएका थियौं । शायद त्यो बेला दलीय कारणले आ-आफ्ना अडान नछाडेका भए पालिकाका नामहरू राख्न हामीलाई पनि गाह्रो हुनेथियो ।

प्रदेश सभाले नामकरणका बेला सहमतिका लागि व्यापक समन्वय र सहजीकरण गर्न नचाहनुको कारण अहिलेको परिस्थिति सृजना हुन गएको महसुस हुन्छ । सर्वदलीय, सर्वपक्षीय, विज्ञ विशेषज्ञ र सामाजिक अभियन्ता, संस्कृतिविदहरूको उपस्थितिमा दलहरूले अगुवाइ गरेर विभिन्न तहमा प्रदेश राजधानीबारे यस्ता छलफल र बहस गर्नुपर्थ्यो । यसबाट प्राप्त निष्कर्षअनुसार प्रदेशको नामकरण गरिएको भए यस्तो असन्तुष्टि सृजना हुने वातावरण बन्दैनथ्यो ।

अब पनि आन्दोलनकारी र प्रदेश सभाबीच समन्वय गरेर सहमति ननिकाली कुनै उपाय देखिन्न । यसका लागि आन्दोलनका पक्षधरहरूले सर्वप्रथम नामकरणका लागि एकता र सहमति अपनाउन जरूरी छ । आन्दोलन गर्ने तर माग छुट्टाछुट्टै भएसम्म कुन नामलाई प्राथमिकता दिने स्पष्ट हुँदैन ।

त्यस्तै नाम चुस्त र सबैको मुखमा सहजै झुन्डिने हुनसक्यो भने लोकले त्यसलाई सजिलै अनुमोदन गर्न सक्नेछन् । किनभने लामो र भद्दा नाम रहन गयो भने भोलि लोकले बोलीवचनमा छोटा नामबाट मात्र पुकार्ने छन् । मैले त राज्य पुनर्संरचनाका प्रारम्भिक दिनहरूमा भनेको थिएँ कि मानव सृष्टिका आदिम महिला र पुरुष सुम्निमा पारुहाङ प्रदेश राखियो भने सभ्यता, संस्कृति पहिचान सबै यही नामले प्रतिबिम्बित गर्नेछ ।

सबैको जिब्रोमा झुण्डिनेछ । सजिलै लोकले अनुमोदन गर्नेछ । सुम्निमाले पार्वती, धर्ती, नदी सबैको अर्थ समेट्नेछ भने पारुहाङले हिमाल, पर्वत, महादेवको अर्थ पनि दिनेछ । यसरी यो नामको महत्वलाई बुझाउने चेष्टा गरिएको थियो । तर अब परिस्थिति धेरै अगाडि बढिसकेको छ ।

यो नामलाई प्रस्ताव गर्नु भनेको आन्दोलनकारीहरूले आफ्नो मागलाई विषयान्तर गर्न खोजेको अर्थ लगाउन सक्लान् । अन्त्यमा मेरो धारणा के हो भने यतिखेर मानव समृद्धिका विज्ञानसम्मत उपाय अवलम्बन गर्ने अहिलेको क्षणमा हामी नामकरणका लागि लडाईं लडिरहनुपर्ने परिस्थिति विडम्बनायुक्त छ । गरिबी, पछौटेपन र अशिक्षालाई समूल नष्ट गर्नु हाम्रो एकता र इच्छाशक्तिमा भर पर्दछ । फुट र झगडामा यो अरु पन्पिने हो ।

यो प्रदेश किन पनि गौरवशाली छ भने यहाँ विश्वकै अग्लो सगरमाथा र नेपालकै होचो केचनाकल अवस्थित छ । सात कोशी मिलेर बग्ने सप्तकोशी छ । त्रि-धार्मिक तपोभूमि यहीं छ । तसर्थ पहिचानका पक्षमा ज्यान उत्सर्ग गर्न तयार आन्दोलनकारी र प्रदेश सभाका बीच यथाशीघ्र समन्वयको वातावरण बनाई नाम संशोधन र परिमार्जनतर्फ सम्बद्ध निकाय र व्यक्तिहरू समयमै लागिहाल्नु जरूरी छ ।

यसो गर्दा वार्ता, छलफलको माध्यमबाट सहमति र जनमत संग्रहसम्मको यात्रा तय हुन सक्ने सम्भावनालाई नजरअन्दाज गरिनुहुन्न । (लेखक नेपाली कांग्रेसका नेता हुन् ।) अनलाईन खवरवाट

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

**सुनसरी मोरंग सिचाई आयोजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रूपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको**

**अत्यन्त जरुरी सूचना**

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ ।

**सुनसरी मोरंग सिंचाई आयोजना विराटनगर**

# विद्यालय भित्रै कुटपिट गरेको आरोपमा १३ बालिका पक्राउ



विराटनगर । मोरङको मिक्लाजुङ गाउँपालिका-३ को कालिका माध्यमिक विद्यालयमा अध्ययनरत १४ बर्षीया बालिकालाई विद्यालय भित्र नै कुटपिट गर्ने १३ जना बालिकाहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

बैशाख ६ गते उनीहरुले संगठित रुपमा बालिकालाई कुटपिट गरेको र भिडियो समेत बनाई सामाजिक संजालमा पोष्ट गरेको सूचना प्राप्त भएसंगै ईलाका प्रहरी कार्यालय उर्लावारीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई बैशाख ११ गते पक्राउ गरेको थियो ।

पक्राउ परेका बालिकाहरु लाई सम्मानित मोरङ जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग सम्बन्धी कसूरमा म्याद थप गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । घटनामा घाईते भएकी बालिकाको बि एण्ड सि अस्पताल विर्तामोडमा उपचार भईरहेको छ ।




# आर्थिक वर्ष २०८०-०८१ को लागि व्यपार संघ र उद्योग संगठनका व्यवसायीहरुद्धरा सुझाव

विराटनगर । मोरंग व्यापार संघ र उद्योग संगठन मोरङको सहजीकरणमा संघीय सरकारका माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत समुपस्थितिमा विहीवार संगठनको सभाकक्षमा कोशी प्रदेशस्तरीय पूर्व बजेट छलफल तथा अन्तरक्रिया गरी सुझावहरु दिएका छन् ।

अर्थ मन्त्रालय, राजश्व परामर्श समितिद्वारा आयोजित उक्त कार्यक्रम पूर्व मोरंग व्यापार संघमा पाल्नु भएका अर्थ मन्त्री डा. प्रकाशशरण महतलाई संघका अध्यक्ष नवीन रिजाल, निवर्तमान अध्यक्ष प्रकाश मून्दडा, पूर्व अध्यक्षहरु, पदाधिकारीहरु र कार्यसमिति सदस्यहरुले स्वागत गर्नु भई विद्यमान जटिल आर्थिक अवस्थाहरुले तंग्रिएका निजी क्षेत्रका उद्योगी/व्यवसायीहरुका आगामी बजेट प्रतिको आकांशाहरु बारे अवगत गराएको थियो ।

तत्पश्चात् अर्थ मन्त्रालय, राजश्व परामर्श समितिको आयोजना तथा मोरंग व्यापार संघ र उद्योग संगठन मोरङको सहजिकरणमा आयोजित कोशी प्रदेश स्तरीय पूर्व बजेट छलफल तथा अन्तरक्रिया कार्यक्रम संघका अध्यक्ष नवीन रिजालले संघ र संगठनद्वारा संयुक्त रुपमा तयार पारिएको सुझाव पत्र अर्थमन्त्री, अर्थ सचिव लगायत समक्ष प्रस्तुत गर्नु भएको थियो ।

मोरंग व्यापार संघ र उद्योग संगठन मोरङले संयुक्त रुपमा तयार पारी माननीय अर्थ मन्त्री, अर्थ सचिव लगायत समक्ष प्रस्तुत गरेको सुझाव पत्र पेश गरेको थियो ।

नेपाल सरकार, अर्थ मन्त्रालयको बजेट २०८०-८१ का लागि मोरंग व्यापार संघ र उद्योग संगठन मोरङको सुझावहरु :-

उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित:

क. नीतिगत विषयहरु:

१. कर तथा राजस्व एवं अन्य माध्यमबाट बजारबाट सरकारको खातामा नगद जम्मा हुने तर सरकारले गर्ने पूँजिगत तथा विकास खर्च अत्यन्त न्युन भएकोले बजार चलायमान हुन नसकेको तथ्यलाई मध्यनजर गरी सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई प्रभावकारी र द्रुत गतिमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२. बैंकको लगानी कम्तिमा ५० प्रतिशत उत्पादन मुलक उद्योगका लागिहुनु पर्ने व्यवस्था गरिनु पर्दछ । साथै, उद्योगहरुका लागि बैंक व्याजदर एकल अंक मै रहने व्यवस्था गरिनु पर्दछ ।

३. बढ्दो मुद्रास्फितिलाई दृष्टिगत गर्दै आगामी आर्थिक वर्षकालागि व्यक्तिगत तथा दम्पतिको आयको छुट सीमालाई वृद्धि गरी क्रमश रु. ६ लाख र रु. ८ लाख कायम गरिनु पर्दछ । साथै, प्रोप्राइटरशिप उद्योगहरुको हकमा हाल लाग्दै आएको आयकर बढि भएकोले सो दर प्रा.लि. उद्योगहरुको सरह कायम गरिनु पर्दछ ।

४. स्वामित्व परिवर्तन सम्बन्धी दफा ५७ अन्तर्गत पारिवारिक अंशवण्डा, परिवार का सदस्यहरु वीचको हस्तान्तरणमा ५० प्रतिशत अथवा सो भन्दा अधिक क्जबचभ ज्यमिष्लन मा परिवर्तन हुँदा वास्तविक खरीद बिक्री नहुने हुँदा निकायको स्वामित्व हस्तान्तरण भएको मानी कर निर्धारण गर्न उचित नभएकाले यस प्रकारको गैर व्यवसायिक हस्तान्तरण ९ल्यल द्यगकष्लभकक त्चबलकाभच० लाई सो दफामा छुट गरिनु पर्दछ ।

५. नेपालको कानुनले निर्यातमुलक उद्योगको कच्चा पदार्थमा कुनै पनि प्रकारको कर नलाग्ने स्पष्ट व्यवस्था गरेकोलेस्थानीय पालिकाहरुले लगाउँदै आएको करको हकमा समेत यो व्यवस्था कडाईका साथ लागू गरिनु पर्दछ ।

६. नेपालले बंगलादेशको सामानमा क्ब्ट्ब सुविधा दिने तर बंगलादेशले आफ्नो उद्योगको संरक्षण नीति अन्तरगत नेपालको सामानमा समेत उच्च भन्सार महशुल लगाउनाले बंगलादेशी बजार नेपाली उत्पादनका लागि मर्कामा परेको छ । नेपाललाई बजार दिन नसके बंगलादेशको सामानमा समेत भन्सार महशुल बढाउने नीति अवलम्बन गरिनु पर्दछ ।

७. नेपालमा गुणस्तरहिन वस्तुको आयात निरुत्साहित गर्न जुन वस्तुहरुमा नेपाल गुणस्तरको तर्जुमा भएका छन्, ती वस्तुहरुको आयातमा नेपाल गुणस्तर प्रमाणिकरण (NS Certification) अनिवार्य गरिनु पर्दछ । हाल नेपाल सरकारले विजुलीको तार, डण्डी, जस्ता केही सिमित वस्तुको आयातमा यो नीति लागू गरेको छ । तर, भारत सरकारले १३७ भन्दा बढी वस्तुको आयातमा अनिवार्य IS Certification को व्यवस्था गरेको जानकारी गराउँदछौं ।

८. सीमापारी हुने अवैध व्यापारलाई कडाईका साथ निरुत्साहित गरी स्वदेशी उत्पादनको खपतलाई जोड दिइनु पर्दछ ।नेपालका १४ नाकाहरुबाट मात्रै दैनिक रु. १०० करोड बराबरको अवैध पैठारी हुने गरेको तथ्य जानकारी गराउन चाहन्छौं ।

सीमापारीका बजार र स्थानीय बजारमा दैनिक उपभोग्य, लत्ता कपडा लगायतका वस्तुहरुकोमुल्यको तुलनात्मक चार्ट यस प्रकार रहेको छ, जसले सीमापारीका बजार गुल्जार हुनु मुख्य कारण दर्शाउँछ ।

९. कुनै उद्योगको द्यथ एचयमगअत लाई अर्को उद्योगले आफ्नो च्वध ञबतभचष्बकिो प्रयोजनको लागि खरिद गर्दा यस्ता उद्योग/ उद्योग बीचको कारोबारलाई कवाडीको परिभाषाबाट हटाई कवाडी कर खारेज गरिनु पर्दछ ।

१०. हाल उत्पादनमुलक उद्योग चलाउन ठूलो झन्झट र चुनौति रहेको छ । उत्पादनमुलक उद्योगलाई आकर्षित बनाई राख्न हालको कर्पोरेट करमा दिइरहेको २० प्रतिशत रिवेटलाई बढाएर ३० प्रतिशत गर्नु पर्दछ ।

११. कुनै पनि राष्ट्रिय गौरवको आयोजनामाविदेशी कम्पनीहरुले प्राप्त गर्ने करका सुविधाहरु सरह स्वदेशी कम्पनीहरुले पनि सुविधा पाउने व्यवस्था गरिनु पर्दछ ।

१२. राजस्व न्यायाधिकरण कार्यालय: उद्योगी व्यवसायी हरुको राजस्व सम्बन्धी विवादमा हाल राजस्व कार्यालय भएको ठाउँको आधारमा क्षेत्राधिकार कायम हुने भएकोले प्राय: राजस्व कार्यालयहरु - एल.टी.ओ., एम. टी. ओ. विरुद्धका विवादहरुमा संघीय राजधानी नै धाउनुपर्ने बाध्यतालाई हटाउन जुन ठाउँमा उद्योग/ व्यवसायको मुख्य कार्यालय छ, सोही ठाउँलाई क्षेत्राधिकार कायम गरिँदा उद्योगी/ व्यवसायीलाई न्याय पाउन सजिलो हुने भएकाले सोही अनुसार को व्यवस्था मिलाइनु पर्दछ ।

१३. सबै प्रदेशमा मध्यम स्तरीय करदाता कार्यालय ( एम.टी.ओ.) को स्थापना गरिनु पर्दछ ।

१४. अन्तर्राष्ट्रिय बजारमा हुने वस्तु तथा सेवाको मुल्यमाहुने उतार चढावको यथार्थलाई आत्मसात गरी सोही अनुरुप मु.अ.करमा दर्ता रहेका उद्योग वा फर्मले अर्को मु.अ.करमा दर्ता रहेको उद्योग वा फर्मलाईविक्री गरेको मुल्यलाई मान्यता दिइनु पर्दछ । हाल कुनै कारणले अन्तर्राष्ट्रिय मुल्यमा घटबढ भई घटीमा माल बेच्दा नोक्सानी हुने भए सो लाई ब्मम द्यबअप गर्दा उद्योगी व्यवसायीलाई दोहोरो मार परेकोले आन्तरिक राजस्व विभागले आफ्नो अडिट गर्ने नीतिलाई सच्याउनु पर्ने देखिन्छ ।

१५. सर्वोच्च अदालतमा पुनरावेदनको लागि सरकारी निकायले अनुमति माग गर्दा ६ महिना भित्रमा अदालतबाट अनुमति प्राप्त हुन नसकेमा राजस्व न्यायधिकरणको फैसला नै अन्तिम मानिने व्यवस्था हुनुपर्दछ

१६. राजस्व सम्वन्धी मुद्दा हेर्ने अधिकारप्राप्त निकाय राजश्व न्यायाधिकरण कार्यालयको संयोजकमा न्यायधिश र दोश्रो व्यक्तिको रुपमा सम्वन्धित कर कार्यालयको प्रमुख रहने वर्तमानको प्रावधानका कारण जसको विरुदमा मुद्दा दायर भएको उ स्वयं फैसला गर्ने निकायमा हुँदा स्वार्थ बाझिई अन्याय पर्ने भएकाले उक्त व्यवस्थालाई सच्याई स्वतन्त्र न्यायाधिशलाई मुद्दा हेर्न दिने व्यवस्था गर्नुपर्दछ ।

१७. स्थानीय उत्पादनमा अन्त:शुल्क लाग्ने व्यवस्था खारेज गरिनु पर्दछ । भन्सार शुल्क जस्तै अन्त:शुल्कलाई पनि पासबुकमा धरौटी राख्ने व्यवस्था गर्न सकिए अन्त:शुल्कको फिर्ता सहजरुपमा हुने गरी अन्त:शुल्क ऐन संशोधन गरिनु पर्दछ । हालको तरलताको अभावको बखत सरकारी खातामा फिर्ता हुने रकम रोकिँदा व्यापार प्रभावित हुने भएकाले त्यस्ता रकम सहजै फिर्ता गर्ने नीति ल्याइनु पर्दछ ।

१८. कुनै पनि उद्योगले आफ्नो उत्पादित वस्तु निर्यात गर्दा सोको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा प्याकिङ सामाग्रीहरु स्वदेशी उद्योगबाट खरिद गरे सो स्वदेशी उद्योगले निर्यात भएको वस्तुको भन्सार महशुल र अन्त:शुल्क फिर्ता पाउने व्यवस्था गरिनु पर्दछ । उदाहरणका लागि:

आयातका सन्दर्भमा:

वांकी ४ पेजमा...


## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| ओमकार प्रसाद न्यौपाने | मिरादेवी दास केवरत | श्याम प्रसाद राजवंशी |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

रतुवामाई नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग



## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।



| रुद्र प्रसाद दुलाल | भूमा पराजुली | दिलीप कुमार अग्रवाल |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

रंगेली नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, मोरंग

# अख्तियार विधेयकमा सांसद शर्माको संशोधन प्रस्ताव

विराटनगर । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले उद्योग, व्यवसाय लगायत सबै निजी क्षेत्रको अनुगमन गर्ने बेग्ला-वेग्लै निकाय रहेकाले निजी क्षेत्रमा अख्तियार आउँन आवश्यक नरहेको भन्दै अख्तियार विधेयकमा संशोधन प्रस्ताव गरेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनलाई संशोधन गर्न बनेको (तेश्रो संशोधन) विधेयक २०७६ का सम्बन्धमा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि सांसद शर्माले यस्तो संसोधन प्रस्ताव राखेका हुन् । प्रतिनिधि सभा नियमावली २०७९ को नियम ११३ मा उल्लेखित शर्तको अधिनमा रही नियम ११२ बमोजिम विधेयकमा संशोधनका लागि सांसद शर्माले संघीय संसद सचिवालयमा प्रस्ताव दर्ता गराएका छन् । 'बैंकको अनुगमन गर्ने राष्ट्र बैंक छ, करको क्षेत्र हेर्ने कार कार्यालयहरु छन्, सबै क्षेत्रको अनुगमन गर्ने आ-आफ्नै निकाय छन्,' सांसद शर्मा भन्छन्, 'निजी क्षेत्रमा अख्तियार आउनु भनेको उल्टै घुसको चलखेल बढ्नु हो, निजी क्षेत्रमा अख्तियार आउँनु आवश्यक छैन ।'

सांसद शर्माले अख्तियारमा उजुरी दिने व्यक्तिले आफ्नो परिचय खुल्ने कागजात पेश गर्नुपर्ने कानून निर्माण गर्न पनि प्रस्ताव गरेका छन् । 'उजुरी गर्ने व्यक्तिले आफ्नो परिचय खुल्ने प्रमाण साथै पेश गर्नुपर्नेछ' भन्ने शब्द ऐनमा थप गर्न सांसद शर्माको प्रस्ताव छ ।

अख्तियार दुरुपयोग अनुसन्धान अयोगमा बेनामी उजुरी दर्ता गरेर दुख दिने गरेको गुनासो बढिरहेका बेला सांसद शर्माले उजुरी कर्ताको नाम खुलाउनुपर्नेसहित आठ वटा संशोधन प्रस्ताव पेश गरेका हुन् । विधेयकको एउटा दफा र दुई वटा उपदफा हटाउँनसहित केही वाक्यांश संशोधन गर्न सांसद शर्माले प्रस्ताव गरेका छन् ।

## आर्थिक वर्ष...

क. नुडल्स, विभरेज, बिस्कुट, स्न्याक्स, साबुन, डिटरजेन्ट, सेनिटाइजर, मास्क आदिमा अत्याधिक रुपले लगाइएका अन्तःशुल्क, तिनका कच्चा पदार्थ आयातमा लगाइएका भन्सार महशुल, प्याकिङ सामाग्रीमा लाग्ने महशुलहरु आदि ।

ख. स्थानीय उद्योगबाट खरिद गरिएका थ्वचल (कच्चा पदार्थ)बाट उत्पादित कार्पेट (तयारी वस्तु)को निर्यात गर्दा थ्वचल को कच्चा पदार्थ खरिदमा भुक्तानी गरिएको भन्सार महशुल रकम फिर्ता गर्ने व्यवस्था गरिनु पर्दछ ।

१९. निकासी गर्दा कच्चा मालमा तिरेको अन्तःशुल्क फिर्ता दिने व्यवस्था गरिनु पर्दछ ।हालको अन्तःशुल्क ऐनको दफा ३(ख) ४ र ३(ख) ५ बमोजिम अन्तःशुल्क लाग्ने वस्तुको निकासीमा मात्रै सो को कच्चा मालमा तिरेको अन्तःशुल्क फिर्ता हुने व्यवस्था गरेको छ । तर अन्तःशुल्क नलाग्ने वस्तुको निकासीमा कच्चामालमा तिरिएको अन्तःशुल्क फिर्ता नहुने भई निकासी प्रभावित हुने नीति सच्याइनु पर्दछ ।

२०. HS Code 8480.71.00 अन्तरगत पर्ने क्ष्लवभअतष्यल :यमि प्लाष्टिक उद्योगहरुका लागि ऋबउष्तर्बा न्ययमक को रुपमा रहेकाले त्यस वस्तुमा हाल लगाइने गरेको ५ प्रतिशत अन्तःशुल्क खारेज गरिनु पर्दछ ।

२१. दैनिक उपभोग्य वस्तुहरु जस्तै प्लाष्टिकका पानीटंकी ९ज्क ऋयमभस घढद्दछ।ज्ञण।ज्ञण०, घरासायी प्रयोजनका प्लाष्टिकका भाँडाकुडा, टेवलकुर्सी, साबुन आदिमा लाग्दै आएको अन्तःशुल्क खारेज गरिनु पर्दछ ।

२२. भन्सारमा लागू गरिएको सन्दर्भ मूल्याङकन पुस्तिका दरहरु ६-६ महिनामा मात्रै अद्यावधिक हुने भएकोले यो अहिलेको परिवर्तनशील समयमा अव्यवहारिक देखिन्छ । यसबाट पटक पटक विवाद निम्ति रहने हुँदा भन्सार मूल्याङकन गर्ने प्रणालीलाई समय सापेक्षित रुपले प्रत्येक १५-१५ दिनमा अन्तर्राष्ट्रिय बजार, स्थानीय बजार तथा विद्यूतीय माध्यमबाट सुचक तथ्याङ्कहरुका आधारमा अद्यावधिक गरिनु पर्दछ।

२३. आयातीत कच्चा पदार्थ तथा तयारी वस्तुमा महशुल दरको फरक :

२४. हाल चाँदी उद्योगहरुले एक पटकमा USD ६०,०००/- भन्दा बढिको चाँदी आयात गर्न नपाउने नियम रहेको र त्यसबाट बढिमा ७५ के.जी. चाँदी मात्र आयात हुने भएकाले चाँदी उद्योगहरुको आयात खर्च उच्च हुने गरेको छ । अतः चाँदी उद्योगहरुको संरक्षण एवं प्रवर्द्धन गर्न एक पटकमा ५०० के.जी. देखि १००० के.जी. सम्मको चाँदी खरिद गर्न पाउने व्यवस्था गरिनु पर्दछ ।साथै जहाजबाट आयात हुने चाँदीको भन्सार जाँच पास गराउन Metering Airway Billअनिवार्य गरिएकोमा त्यसको पर्खाईमा आयातित चाँदी १० दिन सम्म भन्सार विन्दु मै अड्किने गरेकाले त्यस सम्बन्धी समेत उचित व्यवस्था गरिनु पर्दछ ।

२५. अन्तर्राष्ट्रिय बजारमा समय समयमा हुने कृषि उत्पादनहरुको मुल्यको उतार चढाव अनुरुप नेपालमा आयात हुने त्यस्ता वस्तुहरुको भन्सार मुल्यांकन दरलाई पनि समय सापेक्षित रुपले परिमार्जन/संशोधन गरिनु पर्दछ । यस सम्बन्धमा हाल अन्तर्राष्ट्रिय बजारको मुल्य अनुरुप सुकुमेल (HS Code: 0908.31.20) को भन्सार मुल्यांकन दर बढिमा ज्क्म डा।छण प्रति के.जी. र बदाम (HS Code: 0802.12.00) को दर बढिमा ज्क्म द्धा।छण प्रति के.जी. कायम गर्नु उपयुक्त हुने हाम्रो सुझाव छ ।

२६. निर्यातमा नगद अनुदान:३० प्रतिशत भन्दा बढिको मुल्य अभिवृद्धि (Value Addition) गर्ने स्वदेशी उद्योगहरुको निर्यातको हकमा नगद अनुदान दिने व्यवस्था गरिनु पर्दछ ।निर्यात नगद प्रोत्साहन सम्बन्धी कार्य विधि २०७५ मा केही स्वदेशी उत्पादनहरुलाई मात्र समावेश गरिएकोमा निम्न सामग्रीहरु समेत समावेश गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गरिनु पर्दछ ।

२७. तेश्रो मुलुक निकासी प्रोत्साहनार्थ :

नेपाल भुपरिवेष्ठित राष्ट्र भएको र भारतसँग हाम्रो मुद्रा एभनतभम भएकोले समुद्रपारी निकासीमा हामी भारतसँग प्रतिष्पर्धा गर्न सक्दैनौं । भारतसँग प्रतिष्पर्धा गर्न भुपरिवेष्ठित राष्ट्र नेपालका निर्यातकर्ताहरुलाई समुद्री बन्दरगाहसम्मका सम्पूर्ण ढुवानी खर्चहरु अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ । यस सम्बन्धमा, भारत सरकारले सिक्किममा औद्योगिकि करण प्रोत्साहनका लागि सिक्किम बाट सिलिगुडीसम्मको ढुवानी खर्च अनुदानको रुपमा भारत सरकारले व्यहोरेकोले सिक्किमको औद्योगिकि करण फष्टाएको जानकारी गराउँदछौं ।

२८. खाद्य प्रयोगशाला: विदेशबाट खाद्य वस्तु आयात गर्दा स्वीकृति लिनु पर्ने प्रावधान आएकोमा प्रदेशस्तरबाटै खाद्य वस्तुको परिक्षण र आयातकालागि अनुमति दिने अधिकार प्रत्यायोजन गरिनु पर्दछ । केही निश्चित खाद्य वस्तुहरुको मापदण्ड निर्धारण गरी भन्सार विन्दुमा रहेका खाद्य क्वारेन्टाइनबाटै परीक्षण गरी भन्सार जाँच पास गरिनु पर्दछ ।

२९. पुराना/पत्रु टायर, फलाम, पेपरआदिका आयात खुल्ला गरिँदा मुलुकमा ती वस्तुहरुलाई कच्चा पदार्थको रुपमा उपयोग गर्ने गरी कैयौं उद्योगहरु स्थापना भएको देखिन्छ । अतः सोही अनुरुप Plastic Scraps (PET), ग्कभम थ्चभ, ग्कभम तादभक, ग्कभम द्यबततभचथ को समेत आयात खुल्ला गरिए त्यस वस्तुलाई कच्चा पदार्थको रुपमा आधार बनाई मुलुकमा थप कैयौं प्रकारका नयाँ उद्योगहरु स्थापना हुन सक्ने सम्भावना रही मुलुकमा रोजगारीका अवसरहरु श्रृजना गर्नुका साथै स्वदेशी विद्यूतको खपत बढाउन र विदेशी मुद्रा पलायन रोक्न समेत विशेष मद्दत पुऱ्याउने देखिन्छ । स्क्र्यापहरु प्रशोधन गर्दा प्रदुषणका नियमहरुलाई कडाईका साथ पालना गर्नु पर्ने व्यवस्था हुनु पर्ने हाम्रो धारणा छ ।

३०. नेपालबाट पुराना टायर, पत्रु ट्युब, पत्रु पेपर, पत्रु फलाम, पत्रु प्लाष्टिक आदिको निकासीमा पूर्ण प्रतिबन्ध लगाइए नेपालमै ती वस्तुहरुको प्रशोधन गर्ने उद्योगहरु स्थापना हुन सक्ने देखिन्छ । यस सम्बन्धमा निकासी गर्न चाहिने उत्पत्तिको प्रमाण पत्र लगायतका भन्सारका कागजातहरु जारी गर्न पूर्ण रुपले रोक लगाइनु पर्दछ ।

पूर्वाधार विकास:

१. प्रदेश नं १ को औद्योगिक विकासमा गेम चेञ्जरको रुपमा रहेको तथा निर्माण सम्पन्न भई परीक्षणसमेत भइसकेको बथनाह जोगबनी-विराटनगर एकीकृत भन्सार जाँच चौकीसम्मको खण्डमा कार्गो रेल अझै सञ्चालनमा आउन सकेको छैन । कच्चा पदार्थको ढुवानीमा सहजता तथा लागत कम पर्ने र उत्पादन लागत कम भई प्रतिष्पर्धी क्षमता विकास हुने यो रेल्वे सञ्चालनका लागी भारतीय रेल वेका अधिकारीले आइसिपीसम्म रेल वे कार्गोको सञ्चालन गर्न पटकपटक अनुरोध गरिसकेका छन् । तर यो कार्यलाई संघिय सरकारको भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तरगतको नेपाल रेल्वे विभाग मार्फत अघि बढाउनु पर्ने मा नेपाल पक्षले चासो नदिदा सञ्चालनमा आउन सकेको छैन । यो कार्गो रेल्वे तत्काल सञ्चालनका लागी पहल हुन हार्दिक अनुरोध गर्दछौ । साथै, जग्गा मुआब्जा विवादलाई यथाशिघ्र समाधान गरी निर्माणकार्य शुचारु गर्न आवश्यक पहल हुन अनुरोध गर्दछौं । यसबाट उद्योग/व्यवसाय क्षेत्रको कच्चा पदार्थ ढुवानीको मूल्य घटन गई उद्योग व्यवसायको उत्पादन लागत कटौती हुने र प्रतिष्पर्धी क्षमता प्रवर्द्धनमा टेवा पुग्ने छ ।

२. औद्योगिक क्षेत्र निर्माण: प्रत्येक वर्ष वढ्ने क्रममा रहेको व्यापार घाटालाई केही मात्रामा भएपनि सन्तुलनमा ल्याउन निर्यातयोग्य उद्योगहरु को स्थापनाको आवश्यकतालाई मनन गरी सुनसरीको अमडुवामा रहेको साल्ट ट्रेडिङको ६५० विघा जग्गामा निर्यात प्रवर्द्धन गर्ने उद्योग स्थापनाका लागि यस्ता निर्यातजन्य उद्योगहरुलाई सहजिकरण गर्न आवश्यक सम्पूर्ण पूर्वाधार सुविधा सहितको औद्योगिक क्षेत्र निर्माणका लागि आगामी आर्थिक वर्षको वजेटमा रकम विनियोजन गरिनु पर्ने ।

३.. यस क्षेत्रमा आयोजना हुने ठूला स्तरका मेला-महोत्सवहरुका लागि टेन्ट, डोम, जग्गा, ट्राफिक, विजुलीबत्ती लगायतको व्यवस्थापन गर्दाप्रत्येक पटक करोडौं खर्च हुने गरेको छ ।त्यस प्रकारका व्ययभारहरुको अन्त्य गर्न सरकारले यस क्षेत्रका लागि औद्योगिक प्रदर्शनी स्थल निर्माण गरिदिनु पर्दछ । यस सम्बन्धमा, मोरंग व्यापार संघ र उद्योग संगठन मोरङले प्रदेश सरकार र विराटनगर महानगर पालिकाको साझेदारीमा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी केन्द्र स्थापनाका लागि जग्गाको व्यवस्थापन समेत गरिसकेको हुँदा उक्त जग्गामा नै प्रदर्शनी केन्द्र निर्माण गर्न अनुरोध गर्दछौं ।त्यसका साथै, औद्योगिक संग्रहालयको समेत अवधारण राखी ५ बिघा जग्गा वा रु. २० करोड रकम विनियोजन गरिनु पर्दछ ।

४. आन्तरिक तथा वाह्य पर्यटन बढाउन सगरमाथा सम्मको बाटोलाई राष्ट्रिय गौरवको आयोजना बनाई उचित बजेट बिनियोजन गरी निर्माण काम अगाडी बढाइनु पर्दछ ।

५. संघद्वारा संचालित उच्चस्तरीय प्रयोगशाला: मोरंग

वांकी अन्तिम पेजमा...


## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

दशरथ राई
प्र. प्रशासकइय अधिकृत

विनिता कुमारी मेहता
नगर उप-प्रमुख

केदार भण्डारी
नगर प्रमुख

इनरुवा नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, सुनसरी, नेपाल



## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

राजकुमार के.सी.
प्र. प्रशासकइय अधिकृत

मेनुका पोखरेल खतिवडा
नगर उप-प्रमुख

वेद नारायण गच्छदार
नगर प्रमुख

दुहवी नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, सुनसरी, नेपाल

# अघोषित लोडसेडिंग समस्या समाधान गर्न पहल

विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्योग क्षेत्रमा बर्तमान समयमा अघोषित लोडसेडिङ्गको समस्या समाधान गर्न आफ्नो तर्फबाट तत्काल पहल सुरु गर्ने वताएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विराटनगरमा मङ्गलबार आयोजित कोशी प्रदेशका उद्योग सङ्घ र सङ्गठनका प्रतिनिधिहरुसँग छलफल कार्यक्रममा बोल्दै सो कुरा वताएका थिए।

सङ्घीय उर्जा मन्त्रालय तथा विद्युत प्राधिकरणका निर्देशकसँग तत्कालनै कुरा गर्ने तथा व्यवसायीसँग आवश्यक छलफल एवं भेटघाटका लागि पहल गर्न वताउँदै उद्यमीहरुले लिएको ऋणको व्याज दर घटाउने सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर र डेपुटी गभर्नरसँग आफ्नो कुरा भएको स्मरण गराउदै पुन : यस सम्बन्धमा उद्यमीहरुको टोलीसँग सङ्घीय सरकारका अर्थमन्त्री र राष्ट्र बैंकका गभर्ननरलाई छलफल गराउने विश्वास दिलाएका थिए।

उद्योग व्यवसाय क्षेत्रका कुन कुन नीतिलाई प्रथामिकता दिनुपर्ने र के कस्ता नीति निर्माण गर्दा तपाईहरुका समस्या समाधान हुन्छन, बजेट निर्माणका क्रममा मलाई सुझाव दिनु होस।' मुलुकले सरकारी, निजी र सहकारी क्षेत्रलाई अर्थतन्त्रको मुल आधार मानेको स्मरण गराउँदै अहिले सहकारी क्षेत्र धारासाही भएको तथा निजी क्षेत्र पनि कमजोर हुँदै गएकाले हाम्रो अर्थतन्त्र कमजोर हुने अवस्थामा पुगेको कार्कीको भनाई थियो

राष्ट्रिय पुँजीको प्रयाप्त विकास नभइ समाजबादमा पुग्न नसकिने कुराको स्मरण गराउँदै मुख्यमन्त्री कार्कीले छिमेकी मुलुकको कच्चा पदार्थबाट सञ्चालन हुने ठूला तथा मझौला उद्योगहरुको समस्या समाधानमा उचित व्यवस्थापन गर्न प्रदेश सरकार तयार रहेको भन्दै उद्योग सञ्चालनको क्रममा देखिने विभिन्न समस्या समाधानका लागि प्रदेश सरकारको क्षेत्रअधिकार भित्र पर्ने कार्यलाई आवश्यक विधिविधान बनाउने तथा सङ्घीय सरकार समक्ष समेत आवश्यक पहल गर्ने जानकारी गराएका थिए।

नीजि क्षेत्र वलियो, सुदुढ र चिन्ता मुक्त भएमात्र मुलुकको आर्थिक विकास एवं समृद्धि कायम हुने हुनाले यसप्रति आफू सचेत रहेको र केन्द्रीय नेताहरुलाई समेत सचेत गराएको थियो। कोशी प्रदेश नामकरणका सम्बन्धमा पहिचानवादीले विरोध प्रदर्शन हिंसात्मक एवं गालीगलौच र दुर्व्यवहार गर्ने विषयमा उद्योगी व्यापारी एवं विराटनगरबासीको स्पष्ट धारणा आउनु पर्ने बताउँदै प्रदेश सरकारले राखेको प्रदेशको नामका सम्वन्धमा गल्ति वा ठीक गरेको विषयमा जनतासमक्ष जानकारी दिन आग्रह गरेका थिए।

उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका प्रदेश अध्यक्ष राजेन्द्र राउतले उद्यमीले उद्योग बन्द गर्न चाहेमा त्यसको वातावरण मिलाइदिन अनुरोध गर्दै सरकारले निर्माणाधिन पूर्वाधारहरुलाई चाँडै सम्पन्न गराउन आवश्यक पहल गर्नुपर्ने सुझाव दिएका थिए।

त्यसैगरी उद्योग सङ्गठन मोरङका अध्यक्ष सुयस प्याकुरेलले विद्युत प्राधिकरणले उद्योग क्षेत्रमा नियमित विद्युत आपूर्ति गर्नु पर्ने वा लोडसेङ्गिको तालीका सार्वजनिक गर्न आग्रह गरेका थिए। होटल सङ्घ कोशीका राजन श्रेष्ठले यस क्षेत्रमा पर्यटक आवागन वृद्धिका लागि विराटनगरबाट लुक्ला हवाई सेवा सञ्चलन गर्न पहल गर्नुपर्नेमा जोड दिएका थिए।

# सुकुम्वासी र अव्यवस्थित बसोवास गर्नेलाई जग्गा उपलब्ध गराउने अभियानमा : शर्मा



विराटनगर। मोरङको क्षेत्र नं.३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्मा आफ्नो निर्वाचन क्षेत्रका सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउँने अभियानमा जुटेका छन्। एकपछि अर्को चुनावी बाचा पुरा गर्दै गएका सांसद शर्मा अहिले सुकुम्वासीको समस्या समाधान मा लागेका हुन्।

चुनावी अभियानका क्रममा उनले पूर्वाञ्चल विश्वविद्यालयमा मेडिकल कलेज सञ्चालन गर्ने र सुकुम्वासी समस्या समाधानमा काम गर्ने विषयलाई प्राथमिकता का साथ उठाएका थिए। निरन्तरको दौडधुपपछि पूर्वाञ्चल विश्वविद्यालयलाई मेडिकल कलेज सञ्चालनको स्वीकृति दिलाउँन सफल भएपछि सांसद शर्मा अहिले सुकुम्वासी समस्या समाधानमा केन्द्रित भएका हुन्। भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यस्थित बसोवासीको समस्या समाधान का लागि उनले सदनमा पनि आवाज उठाइरहेका छन्।

सुकुम्वासीलाई जग्गा उपलब्ध गराउँने काम छिटो गर्न स्थानीय सरकार, राष्ट्रिय भूमि आयोग र सदनमा पनि उनले घचघचाउने काम गरिरहेका छन्। 'यो क्षेत्रमा हजारौं परिवार सुकुम्वासी हुनुहुन्छ, मैले चुनावी अभियानका क्रममा उहाँहरुको समस्या समाधानमा सक्दो पहल गर्ने बचन पनि दिएको थिए,' सांसद शर्मा भन्छन्, 'सुकुम्वासी लाई प्रकृया पुऱ्याएर जतिसक्दो छिटो जग्गा उपलब्ध गराउँनुपर्छ भनेर निरन्तर लागिरहेको छु।'

सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउँन अहिले कानेपोखरी गाउँ पालिकामा जग्गा नापजाँचको काम भइरहेको छ। शुक्रबार सांसद शर्मा कानेपोखरी-६ स्थित बिहिबारेमा पुगेर सुकुम्वासी परिवारले भोगचलन गर्दै आएको जग्गा नापजाँचमा सामेल भए। राष्ट्रिय भूमि आयोग र कानेपोखरी गाउँपालिकावाट जग्गा नापजाँचमा खटिएका अमिन र सर्वेक्षकसँग भेट गरी उनले त्यहाँको अवस्थाको वारेमा जानकारी लिए। जग्गा नापजाँचको काम जतिसक्दो छिटो सकेर सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई चाडै जग्गा धनीपूर्जा उपलब्ध गराउँने गरी लाग्न कर्मचारी र स्थानीय जन प्रतिनिधिलाई उनले आग्रह गरे।

मोरङको क्षेत्र नं. ३ मा हजारौं परिवार सुकुम्वासी छन्। कानेपोखरी र पथरीशनिश्चरेमा सुकुम्वासीको संख्या धेरै छ। सरकारले सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउँने प्रकृया थालेपछि कानेपोखरीका मात्रै ४ हजार ८ सय परिवारले जग्गा प्राप्तीका लागि फर्म भरेका छन्। जग्गा नापजाँच मा समन्वय र सहजिकरणका लागि कानेपोखरी गाउँपालिकामा ६ नं. वडाका वडाध्यक्ष खड्ग बस्नेतको संयोजकत्वमा तीन सदस्यीय सहजिकरण समिति पनि बनाइएको छ। समिति संयोजक बस्नेतका अनुसार यसअघि वडा नं. ६ का १६४ परिवारलाई जग्गा धनीपूर्जा वितरण गरिसकिएको छ।

भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई भोगचलन गर्दै आएको पाँच कट्ठासम्म जग्गा उपलब्ध गराउँने गरिएको छ। अव्यवस्थित बसोवासीलाई पनि न्यून मूल्यमा जग्गा दिने गरिएको छ।

# परिक्षा दिंने नक्कली विद्याथी धरौटीमा रिहा



विराटनगर। एसईई परिक्षामा तीनवटा विद्यालयका नक्कली विद्यार्थी बनी परिक्षा दिई रहेका २९५ जना मोरंग जिल्ला अदालतवाट धरौटी माग गरि रिहा गरेका छन्।

जिल्ला प्रहरी कार्यालय मोरंगले सरस्वती माध्यमिक विद्यालय झोराहाटका ५४, जनता माध्यमिक विद्यालय पचामका १५, सार्वजनिक माध्यमिक विद्यालय केरावारी १२६ गरी जम्मा २९५ विरुद्ध मोरंग जिल्ला अदालतमा बैशाख ११, १२, १४ गते मुद्दा दर्ता गराएका थिए।

अदालतमा पेश गरेको मध्ये नावालक बाहेक सवैलाई ४० हजार धरौटी लिएर रिहा गर्न मोरंग जिल्ला अदालतले आदेश दिएको थियो। त्यसैगरी इन्सिचुट संचालक संतोष राईलाई २ लाख धरौटी तोकिएको थियो।

ती सवैले नक्कली प्रशिक्षाथी बनि एसईई परीषामा संलग्न रही अरु विद्यार्थीहरुको परीक्षा दिई रहको अवस्थामा प्रहरीले पक्राउ गरिएको थियो।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| गिरीराज भट्टराई | अमृता कुमारी गच्छदार | जित नारायण थापा मगर |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**बुढीगंगा गाउँपालिका, गाउँपालिकाको कार्यालय सुनसरी, कोशी प्रदेश**

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| उमेश घिमिरे | अनिता कुमार साह | आशनारायण चौधरी |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**गढी गाउँपालिका, गाउँपालिकाको कार्यालय सुनसरी, कोशी प्रदेश**